श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छः–

२०२९ सालको ऐन नं. १९

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### जिल्ला पञ्चायत ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– जिल्ला पञ्चायत ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) मा संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "जिल्ला पञ्चायत (पाँचौं संशोधन) ऐन, २०२९" रहेकोछ ।

(२) यो ऐन २०२९ साल माघ १ गतेदेखि प्रारम्भ भएको मानिनेछ ।

३९९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल ऐनको दफा १५ मा संशोधनः- मूल ऐनको दफा १५ को उप-दफा (६) को प्रतिवन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएकोछ-

तर, कुनै सालको माघ मसान्त पछि सोही सालको चैत्र मसान्त-सम्ममा निर्वाचित भएका सभापति, उप-सभापति तथा सदस्यहरूको पदावधिको गणना गर्दा त्यस्ता सभापति, उप-सभापति तथा सदस्यहरूको पदावधि अर्को सालको बैशाख १ गतेदेखि शुरु भएको मानिनेछ।

लालमोहर सदर मिति-२०२६।११।२३।३

आज्ञाले-
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित।

३८२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।